# भेरीमालिका

जाजरकोटको पहिलो दैनिक

BHERIMALIKA DAILY दैनिक

सूचना, विज्ञापन, साहित्य, समाचारका साथै विभिन्न रचनात्मक सल्लाह सुझावको लागि सम्झनुहोस् ।

**सम्पर्क :** ०८९-४३०३८३

वर्ष : ५ | अंक : १२९ | पृष्ठ : ४ | शुक्रबार, ५ फागुन, २०७९ | द्वादशी | FRIDAY FEBRUARY 17, 2023 | मूल्य रू. : ५/-


बढ्दै ट्राफिक नियम उल्लङ्घनका घटना

# ७ महिनामै १ हजार ८ सय ९१ वटा सवारी साधनहरू कारबाहीमा

**भेरीमालिका संवाददाता**
**जाजरकोट, ४ फागुन।**

पछिल्लो समय जाजरकोटमा ट्राफिक नियम उल्लङ्घनका घटनाहरू बढ्दै गएका छन् । वर्षेनी ट्राफिक नियम उल्लङ्घनका घटना बढ्दै गएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

पछिल्लो ७ महिनामा मात्रै १ हजार ८ सय ९१ वटा सवारी साधनलाई कारबाहीमा परेका छन् । चालु आर्थिक वर्ष २०७९/०८० को साउन यता कुल १ हजार ८ सय ९१ वटा सवारी साधनहरू कारबाहीमा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय जाजरकोटका प्रमुख विजय पुनले जानकारी दिए।

कारबाहीमा परेका सवारी साधनमध्ये मोटरसाइकल सबैभन्दा धेरै छन्। तथ्याङ्क अनुसार साउनदेखि हालसम्म ८ सय ८३ ओटा मोटरसाइकल कारबाहीमा परेका छन्। त्यस्तै ३ सय ६७ वटा जिप, १ सय ३५ वटा ट्र्याक्टर, २ सय ९९ वटा बस, २ सय २ ओटा ट्रक र ३२ ओटा टेम्पोहरू कारबाही गरेका हुन्।

आर्थिक वर्ष २०७८/०७९ मा जिल्लाभर ४ हजार ५ सय ८० वटा सवारी साधन कारबाही परेका थिए । त्यस्तै आर्थिक वर्ष २०७७/०७८ मा ४ हजार ५ सय २१ वटा र आर्थिक वर्ष ०७६/०७७ मा १ हजार ८ सय १९ वटा सवारी साधन कारबाही परेका थिए।

कारबाहीमा परेका सवारी साधनमध्ये मोटरसाइकल चालकले लाइसेन्स विनै हिँड्ने, जथाभावी बाटो काट्ने, नियम पालना नगर्ने जस्ता धेरै अनियमितता हुने गरेको कार्यालय प्रमुख पुनले बताए । त्यसपछि अनियमितता गर्नेमा रातो प्लेटका पिकअप जिपहरू रहेको छन् । रातो प्लेटका पिकअप जिपमा यात्रु ओसार्ने साथै क्षमताभन्दा बढी यात्रु राखेर चलाउने गरेको भेटिएको उनको भनाइ छ।

छेडा-चाँदे सडक खण्डमा सबैभन्दा बढी रातो प्लेटका पिकअपले नियमित यात्रु बोकेको प्रहरीको तथ्याङ्क छ। *(बाँकी ३ पेजमा)*



## १३ लाख राजश्व संकलन

यस्तै कारबाहीमा परेका सवारी साधानबाट चालु आर्थिक वर्षको सात महिनाको अवधिमा १३ लाखभन्दा बढी रकम राजश्व संकलन भएको छ। साउनदेखि अहिलेसम्म कुल १३ लाख ९३ हजार ५ सय रूपैयाँ संकलन भएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।


कारबाहीमा परेका सवारी साधनबाट अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा ३९ लाख ११ हजार ५ सय रूपैयाँ राजश्व संकलन भएको थियो।

त्यसैगरी २०७७/०७८ मा कुल ३८ लाख ४६ हजार ५ सय र २०७६/०७७ मा १५ लाख ५७ हजार ५ सय संकलन भएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। ट्राफिक नियम उल्लङ्घनका घटनासँगै राजश्व संकलनमा पनि वृद्धि भएको प्रहरीको भनाइ छ।

## २५ वटा सवारी दुर्घटना

यस्तै पछिल्लो ७ महिनामा २५ वटा सवारी साधन दुर्घटनामा परेका छन् । जसमध्ये साउन महिनामा ३ ओटा, भदौ २ ओटा, असोज ७ ओटा कार्तिक ६ ओटा मंसिरमा ३ ओटा र पुसमा ४ ओटा सवारी दुर्घटना भएका हुन् । त्यस्तै दुर्घटनामा परेर कुल १८ जनाको मृत्यु भएको छ । एक जना गम्भीर घाइते ११ जना सामान्य घाइते भएको ट्राफिक प्रहरीले जनाएको छ । आर्थिक वर्ष २०७६/०७७ मा १० वटा २०७७/०७८ मा २९ वटा र २०७८/०७९ मा ४६ वटा सवारी दुर्घटना परेका हुन् । ट्राफिक नियम उल्लङ्घन गर्दा दुर्घटना पनि वर्षेनी बढ्दो गएका हुन् । अधिकांस सवारी दुर्घटना ग्रामीण सडकमा हुने गरेका छन्।

# हराएका दुई बालबालिका प्रहरीले अभिभावलाई बुझायो





**भेरीमालिका संवाददाता**
**जाजरकोट, ४ फागुन।**

जिल्ला प्रहरी कार्यालयले हराएका दुई बालबालिकालाई खोजेर अभिभावको जिम्मा लगाएको छ।

प्रहरीले भेरी नगरपालिका-३ स्याला बस्ने १० वर्षिय कविराज विक र बाँके कोहलपुर नगरपालिका-१३ की १७ वर्षीय रोशनी डाँगीलाई अभिभावको जिम्मा लगाएको हो । कविराज माघ १३ गतेदेखि र रोशनी माघ २५ गतेदेखि घरबाट हराएका थिए।

कविराजलाई घरपरिवारले खोजीका लागि जिल्ला प्रहरी कार्यालय जाजरकोट र रोशनीका परिवारले इलाका प्रहरी कार्यालय बाँकेमा निवेदन दिएका थिए । घरपरिवारले दिएको निवेदन र हुलियाका आधार प्रहरीले देशभर खोजी गरेको थियो । सोही क्रममा प्रहरीले कविराजलाई पुस ३ गते नेपालगञ्जको बसपार्कबाट र रोशनीलाई नलगाड नगरपालिका-८ मैदेमा भेटाएको थियो।

दुबै जनालाई विहीबार सकुशल अभिभावकको जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय जाजरकोटका सूचना अधिकारी नविन चुदालीले जानकारी दिए। प्रहरीले कविराजलाई बुवा जयबहादुर र रोशनीलाई उनका बुवा भूपेन्द्र कुमारलाई जिम्मा लगाएको हो।

# सूचिकृत एजेन्सीबाट मात्रै विज्ञान कारोबार गर्न आग्रह

**भेरीमालिका संवाददाता**
**जाजरकोट, ४ फागुन।**

विज्ञापन बोर्डले सूचिकृत संस्थाहरूबाट मात्रै विज्ञापनको बारोबार गर्न आग्रह गरेको छ । विहीबार एक विज्ञप्ति जारी गर्दै बोर्डले सरकारी तथा निजी निकायलाई विज्ञापन बोर्डमा सूचिकृत एजेन्सीबाट मात्र विज्ञापन प्रकाशन/प्रसारणका उपलब्ध भनेको छ।

'कतिपय सरकारी एवम् निजी क्षेत्रका विज्ञापनदाताले विज्ञापन कारोबार बोर्डमा सूचीकृकरण नभएका एजेन्सीमार्फत गरिएको गुनासो प्राप्त भएकोले बोर्डमा नियममानुसार सूचीकरण भएका एजेन्सीसँग मात्र कारोबार गर्नु गराउनु हुन अनुरोध छ' आयोगका प्रवक्ता निशानराज गौतमले प्रकाशित गरेको विज्ञप्तिमा भनिएको छ । विज्ञापन (नियमन गर्ने) ऐन २०७६, नियमावली ०७७ र विज्ञापन आचार संहिता २०७९ अनुसार विज्ञापन सम्बन्धी कारोबार गर्दा गराउँदा विज्ञापन बोर्डमा सूचीकृत विज्ञापन एजेन्सीमार्फत गराउनुपर्ने व्यवस्था छ।

विज्ञापनको नियमन र कारोबारलाई व्यवस्थित गर्नका लागि सरकारले वैधानिक निकाय विज्ञापन बोर्ड गठन गरेको हो। हाल बोर्डमार्फत नै सरकारले सञ्चार माध्यमलाई विज्ञापन उपलब्ध गराउँदै आएको छ।


## जाजरकोटमै सबैभन्दा ठुलो साइजको छापाखाना

जाजरकोटमै पहिलोपटक 20x30 साइजको छपाई

- किताब
- पोष्टर
- पर्चा/पम्पलेट
- बिल
- लेटरप्याड
- रसिद

आदि रंगीन तथा सादा छपाईको लागि हामीलाई सम्झनुहोस् ।



## भेरीमालिका अफसेट प्रेस

भेरी नगरपालिका-३, (नेपाल पत्रकार महासंघको भवन) जाजरकोट । सम्पर्क : ९८६४८१०७५९



## निर्माण व्यवसायी संघ
Contractor's Association Jajarkot
जाजरकोट

**७ औं जिल्ला अधिवेशन तथा १४ औं साधारणसभा सम्बन्धी निर्माण व्यवसायी संघ जाजरकोटको अत्यन्त जरुरी सूचना !**

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ जाजरकोटको ७ औं जिल्ला अधिवेशन तथा १४ औं साधारणसभा यहि मिति २०७१ साल फागुन १५ गते सदरमुकाम खलंगामा हुनेभएको यस संघमा आवद्ध सम्पूर्ण निर्माण व्यवसायीहरूमा उपस्थितिका लागि सादर अनुरोध गर्दछौं। साथै यस संघमा आ.व. २०७९/०८० सम्मको लागि सदस्यता नवीकरण नगरेका तथा नयाँ आबद्ध हुन चाहने निर्माण व्यसायीहरुले यहि फागुन १४ गतेसम्म अनिवार्य रुपमा सदस्यता नवीकरण गर्न तथा आबद्ध हुन जानकारी गराईन्छ। साथै उल्लेखित मितिभित्र सदस्यता नवीकरण नगरेका तथा आबद्ध नभएका निर्माण व्यवसायीहरुलाई यस संघ ७ औं जिल्ला अधिवेशन तथा १४ औं साधारणसभामा मताधिकारको अधिकार नहुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**कृष्ण विक्रम शाह**
**अध्यक्ष**

## सम्पादकीय

# विद्युतीकरणमा लगानी बढाऊ

कर्णाली प्रदेश भौगालिक रुपमा विकट छ । भौतिक पूर्वाधारको विकासमा कर्णाली निकै पछाडि छ । यहाँ आर्थिक गतिविधिहरु प्राय शून्य नै छन् । अन्य प्रदेशको तुलनामा त कर्णाली हरेक हिसावले पुच्छारमा छ । आर्थिक गरिबीको अवस्था अहिले पनि विकराल छ । समग्रमा विकासको सूचनाङ्कमा कर्णाली पछाडि परेको छ । तर कर्णाली प्राकृतिक हिसावले निकै धनी छ । अर्थात कर्णालीलाई प्रकृतिले सम्पन्नशाली बनाउन सक्ने स्रात दिएको छ । प्रकृतिले दिएका कुनै एउटा क्षेत्रमा मात्रै लगानी गर्न सकियो भने कर्णालीको विकास र समृद्धि धेरै टाढा छैन । प्रशस्त प्राकृतिक सम्पदा मध्येको एक हो जलविद्युत । कर्णाली प्रदेशमा करिव १८ हजार मेगावाट विद्युत उत्पादन क्षमता छ । विद्युत उत्पादनका लागि प्रशस्त सम्भावना भएका नदीनालाहरु छन् । बाह्रै महिना बग्ने भेरी र कर्णाली जस्ता ठूला नदीहरु कर्णाली प्रदेशमै छन् । यसका सहायक नदीनालाबाट समेत अथाह विद्युत उत्पादन गर्न सक्ने क्षमता छ । एक हिसावल भन्दा विद्युत क्षेत्रमा लगानी भित्र्याउन सकेको खण्डमा मात्रै कर्णाली आर्थिक विकासमा निकै फड्को मार्नेमा दुई मत छैन ।

यही विषयलाई मध्येनजर गरेर पछिल्लो समय कर्णाली प्रदेश सरकारले विद्युत क्षेत्रमा लगानीका लागि चासो देखाएको छ । सबै नागरिकलाई विद्युतको पहुँचमा पुऱ्याउने नीति अबलम्बन गरेर लगानी बढाएको छ । सोही नीति अनुसार हिमाली जिल्लामा सौर्य उर्जा र पहाडी जिल्लामा विद्युत प्रसारण लाइन विस्तारलाई तिब्रता दिएको छ । एकै पटक सरकारले प्रदेशले ४२ वटा विद्युत योजनाहरुको प्रक्रिया नै अगाडि बढाएको छ । जसमध्ये जाजरकोट जिल्लाका जुनी सौर्य मिनिग्रिड आयोजना (३५ किलोवाट), कुशे ठाँटिकाँध सौर्य मिनिग्रिड आयोजना १६० किलोवाट र नलगाड नगरपालिका ८ मसिरी सौर्य मिनिग्रिड आयोजना (१८ किलोवाट कार्यान्वयनमा लिएको छ । प्रदेश सरकारको तर्फबाट १० प्रतिशत लागत साझेदारी हुने गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट सञ्चालन यी आयोजनाहरु कार्यान्वयनको प्रक्रियामा अगाडि बढाएको हो । पहाडी जिल्लाहरुमा विद्युत लाइन विस्तारलाई पनि तिब्र पारिएको छ । राष्ट्रिय प्रशारण लाइनको विस्तार अन्तरर्गत संघीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले रुकुम पश्चिमको बाँफीकोट-नलगाड-फुकोट ४०० केभी, फुकोट-वेतन-दोधारा ४०० केभी, नलगाड-कोहलपुर ४०० केभी र कोहलपुर-सुर्खेत-दैलेख १३२ केभी राष्ट्रिय प्रशारण लाइन विस्तार थालेको छ । डोल्पाको जगदुल्ला हाईड्रो पावर कम्पनीमा प्रदेश सरकारको शेयर लगानी गरेको छ ।

यसरी विद्युत क्षेत्रमा लगानी बढाउनु निकै सकारात्मक पक्ष हो । यो प्रदेश समृद्धिको एउटा खुट्किला पार गर्ने प्रयास हो । नागरिकको जीवनस्तर उकास्ने आँट हो । तसर्थ अब लगानीको प्रतिफल प्राप्त हुनेगरी आयोजना सञ्चालनमा सबैले चासो दिनुपर्दछ । आयोजनालाई समयमै सम्पन्न गराउन सबैले पहल गर्नु पर्दछ । समग्रमा कुनै पनि बहानामा सौर्य उर्जा र जलविद्युत आयोजनामा ढिलाई हुन नदेऊ । हिमाली जिल्लाहरुमा सौर्य उर्जालाई दीर्घकालीन प्रयोग गर्न सक्नेगरी आयोजना सञ्चालन गर । पहाडी जिल्लामा केन्द्र सरकारसँग समन्वय गरेर विद्युतीकरणलाई प्रमुख प्राथमिकता देऊ । संघीय, प्रदेश र स्थानीय तहले विद्युत क्षेत्रमा लगानी बढाऊ । नागरिकको पहुँचमा विद्युत पुऱ्याऊ । खेर गइरहेका नदीनालाबाट विद्युत उत्पादन गर । नागरिकलाई टुक्की र दियालोबाट मुक्ती दिलाऊ । विद्युतीकरणमा लगानी बढाऊ । समृद्धिको अभियानमा अगाडि बढ ।

# राजनीतिक दर्शन र हाम्रो वेद



आज हामी समाजवाद, साम्यवाद भन्छौँ, समानताको कुरा गर्छौं, तर विभेद छ । कार्य क्षमता, कामको अबसर, सबैतिर न्याय, उच नीच रहित समाजको निर्माण र सभ्यता बनाइराख्नु देश नीतिको काम हो, भूठा आश्वासन, क्षणिक लाभको पोको देखाएर समाजलाई विखण्डन गर्नु हुन्न ।

**अच्युतप्रसाद पौडेल**

पूर्वीय धर्म, दर्शनमा वेदलाई स्वयं भगवान भनिएको छ । वेद र सम्पूर्ण उपनिषद्को सार भागवतमा ईश्वरले 'अहँ सर्वेषु भूतेषु' भन्नु भएको छ । यसको अर्थ हुन्छ 'म सम्पूर्ण प्राणीहरुको अन्तर हृद्यमा बस्छु, मलाई खोज्न टाढा जानु पर्दैन' ।

चारैवेदको सार महाभारतामा दर्शनशास्त्र, राजनीति, अर्थ राजनीति सबै विषय भेटिन्छन् । महाभारतको विदुर नीति र कौटिल्यको अर्थशास्त्रको अध्ययन बिना राजनीतिक दर्शन अधुरो हुन्छ । राजनीतिका गुरुहरु हब्स, लक, अरस्तुहरु पनि दार्शनिक थिए । दर्शन शास्त्र बिनाको राजनीति केबल भीड नीति हुन्छ ।

दीर्घ समयसम्मको नीतिलाई अँगाल्नेको नाम नेता हो, नेताले नेतृत्व लिँदा देश सबल हुने कुरा चीन, भारत, मलेसिया, सिँगापुर र पश्चिमा धेरै देशहरुले देखाइसकेका छन् । सृष्टिको उषाकालमै आरम्भ भएको वेदमा देश नीति, राजनीतिको गहन चर्चा छ । सारमा भनिएको छ 'नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ' । यसको विपरीत सामान्य जीवन बाँच्न नपाएको उदाहरण धेरैतिर देखिन्छ, अत्याधुनिक आजको युगमा पनि ।

नीति बनाउने भनिएको थलोको मूल गेटमै आत्मदाह भएको हाम्रै घटना पनि सबैलाई टाउको दुखाइको विषय बनेकै हो । राज्य शासनका विधान र राज्य भनौँ देशमा बस्ने नागरिकको खुसी, सुख र समृद्धिका लागि राज्यले सन्चालन गर्ने नीति राजनीति हो, यो सबै नीतिको माउ नीति हो ।

लोकहित र लोक कल्याण यसको उद्देश्य हुन्छ, हिजो आजको भाषामा प्रजातन्त्र वा लोकतन्त्र जे भने पनि प्रजाहित नै हो, प्रजाको अर्थ हुन्छ, प्राणी अर्थात् राज्यले नागरिक मात्रै नभएर समस्त प्राणी हितका कार्य गर्नु पर्ने हुन्छ ।

पृथ्वीका समस्त प्राणी संरक्षित भएनन् भने विश्व्यापी समस्या, जलवायु परिवर्तन, प्राकृतिक संकट देखापर्छ र आधुनिक युगमा अनेकानेक संगठन बनेका छन्, यसका लागि । मानव कल्याण, शान्तिका लागि संयुक्त राष्ट्र संघ, व्यापारका लागि विश्व व्यापार संगठन, स्वास्थ्यका लागि विश्व स्वास्थ्य संगठन भनौँ विषयपिच्छेका संघ संस्था जीवन्त छन् ।

पूर्वीय दशनले लोका समस्ताः सुखिनो भवन्तू भनेको छ, अर्थात् लोकभरिका सबै सुखी रहून् । प्रजा सुखे सुखं राजा भनेको छ, यहाँ राजाको अर्थ हुन्छ, राज्य । देशभित्रका आम नागरिक सुखी, खुसी रहे देश नीति भनौँ राजनीति वा नीति अँगाल्ने त्यो राज्य सुखी र समृद्ध हुन्छ ।

राजनीतिलाई मार्ग निर्देश गर्ने कौटिल्य नीति, चाणक्य नीति, विदुर नीति, वेद नीति, जनक नीतिको अध्ययन हामीकहाँ हुन छोडेको छ । राजा भतृहरिको वैराग्य शतक, बुद्धिलाई विवेकले प्रयोग गर्ने नीति विवेक चूणामणिको अध्ययन आवश्यक भइरहन्छ । मानव मस्तिष्कको परिणाम विज्ञानको बुद्धिलाई सही प्रयोग गर्न मानव हिर्दय भनौँ विवेकको आबश्यकता हुन्छ ।

विवेक बिनाको विज्ञानको प्रयोग भनेको ज्ञानको दुरुपयोग मात्रै हो । वेदले ब्राह्मणको चर्चा गरेको छ, ब्राह्मण भन्नु प्रज्ञा हो, प्रज्ञाचक्षु जसको खुलेको हुन्छ, उही ब्राह्मण हो, कुलिन बा जन्म कुलको आधारभन्दा पनि ज्ञानको आधारले ब्राह्मण हुने हो ।

संस्कारले अर्को जन्म, भनौँ जब ज्ञानको आरम्भ हुन थाल्छ ऊ विप्र हुन्छ र ब्रह्म अर्थात् सम्पूर्ण लोक, धर्ती, भनौँ खगोल, भूगोल संसारका सबै कुरा जीव, जगत्, जन्म, मृत्यु सबै जान्न सक्ने हुन्छ त्यो ब्राह्मण हुन्छ । यसैले ब्राह्मण भनेको प्रज्ञाचक्षु हो र यो एउटा पदवी हो ।

श्रीराम, श्रीकृष्ण या बुद्ध जन्मले ब्राह्मण होइनन्, रामका गुरु विश्वामित्र, महाभारतका विदुर हाम्रै खप्तड स्वामी, शिवपुरी बाबा, प्रपन्नाचार्यको नाम सबैले लिन्छन् । ब्राह्मण कुलमै जन्मेको रावण, कुम्भकर्णको नाम लिन रुचाइँदैन । अति घमण्डका कारण रावणको लंका जलेको प्रसंग त्रेता युगको कुरा भयो ।

विदुर दासी पुत्र हुन्, वेदका रचयिता व्यास उनका पिता पराशर, उनका पनि पिता बशिष्ठको आदिमक्षेत्र हो हाम्रो भूमि नेपाल, वैदिक सनातन भूमि नेपालमा जे छ संसारमा छ, यहाँ जे छैन संसारमा छैन । आज वेदमा रहेका तर ओझेल परेका विषयलाई खोज्दै नासाले अन्तरिक्षको अध्ययन गर्दैछ ।

जर्मनी लगायत पश्चिमाहरु धेरै सिक्दैछन् यस बारे, हाम्रो ऋग्वेद, यजुर्वेदले पृथ्वीः शान्तिः, अन्तरिक्षः शान्तिः, आपः शान्तिः, औषधयः शान्तिः भनी सृष्टिको आरम्भमै भनेको हो र भागवतमा सजिलो गरी सम्पूर्ण लोकालोकको वर्णन गरिएको छ, सबैको चक्षु ज्योति भनौँ ज्योतिष शास्त्रको वर्णन यसैमा छ ।

ऋतु, काल गणना, हावापानी, जलवायु शुद्धि, मानव कल्याण र समग्रमै लोक कल्याणका लागि परोपकार पुण्याय पापाय परपीडनम् भनेको छ । हामीले देखेको विश्वभन्दा अरु धेरै विश्व यहाँ रहेको चर्चा छ । विज्ञानले आज सबै कुरा पत्ता लगाइसकेको छैन ।

हाल कलियुगमा हाम्रो देशको नाम नेपाल रहेको छ भने आजभन्दा ५ हजार वर्ष पहिले द्वापर युगमा यसको नाम मुक्तिपुर थियो । त्यतिबेला राजपाठ चलाउने काष्टमण्डपका राजा यलम्बरले महाभारत युद्धमा कौरवपक्षलाई सघाउने प्रण गरे, पाण्डवपक्षको हार हुने देखेपछि श्रीकृष्णले सुदर्शन चक्रले यलम्बरको शिरच्छेदन गरेपछि त्यसै शिरले आकाशबाट युद्ध हेरि रहेका उनको शिर काठमाडौँमा खसेपछि आकाश भैरबको नामले किर्ति रही हालसम्म काष्ठमण्डपमा यिनको मूर्ति, मन्दिर रहेको भनाइ छ, पूजा हुने गरेको छ ।

१२ लाखभन्दा बढी वर्ष पहिलेको त्रेतायुगमा हाम्रो देशको नाम तपोवन रहेको र यहाँ खासगरी जनकपुरमा राजर्षि जनकले राजपाठ गरेको, कृषि कार्य गर्दै जाँदा जानकीलाई भेटिएको र अयोध्या नरेश दशरथपुत्र श्रीरामसंग बिहे गराएको प्रसंग जोडिँदै हालसम्म पनि मार्ग शुक्ल पन्चमीमा सीता रामको भव्य विवाह महोत्सव मनाइदै आएको छ, विषय पुरानो भए पनि ताजै छ ।

करोड वर्षअघिको यहाँको नाम सत्ययुगमा सत्यपुर रहेको र समुद्रमथनमा हलाहल विष निस्कँदा शिवजीले त्यो पिएर छट्पटि हुँदा चिसो र शान्त स्थान हालको रसूवाको गोसाइँकुण्डमा आराम गरेको चर्चा छ, विष खाएर ढल्दा नीलकण्ठ नामले सुतेको भनिएको शिला काठमाडौँको शिवपुरी फेदमा अहिले पनि भव्य मेला लाग्दै आएको छ, बूढानीलकण्ठमा ।

ब्रह्मा, विष्णु, महेशको संयुक्त नाम मुक्तिक्षेत्र मुस्ताँगमा विश्वका धेरै मानिस खनिने गर्छन्, त्यहीँबाट भनौँ दामोदर कुण्डबाट निःसृत नदी कालिगण्डकीमा पाइने विष्णुको शिला कालो पत्थर शालिग्राम संसारकै उदाहरण बनेको छ । वेदमा वर्णित देवताहरुले नित्य स्नान गर्नेक्षेत्र देवघाटधाम नारायणी भन्नु शिवगंगा त्रिशूली र विष्णुगंगा गण्डकीको संगमस्थल हो जो चितवनको नारायणी हुँदै नवलपरासीको त्रिवेणीधाम, पारिपटि वाल्मीकि आश्रमलाई सिन्चित गर्दै परतिर पुग्छिन् ।

सत्ययुगकै बाराह अवतार भई श्रीविष्णु बँदेलको अवतार लिई पूर्वको कौशिकी तटमा विश्राम लिएकोक्षेत्र चतराधाम बाराहक्षेत्र यहीँ छ, जसको आसपास शिवप्रिया सतिदेवीको दन्त पतनक्षेत्र दन्तकाली, बूढासुब्बा,अलिक वरतिर श्रीरामले आगोको धुनी लगाएकोक्षेत्र रामधुनी अहिले पनि जीवन्त छ । जनक, वशिष्ठ, विश्वामित्र, पराशर, व्यासभूमिक्षेत्र सधैँ पावन हुनु जरुरी छ, शान्त पनि ।

दमौलीको सेती, मादी नदीका वीचमा मत्स्यगन्धाबाट पराशर ऋषिले व्यासको जन्म दिएका र अठाइसौँ व्यासस्थली व्यास गुफा दमौलीमा रहेको छ । यस अर्थमा वेद व्यासकी ममतामयी माता ब्राह्मणी नभएको स्पष्ट हुन्छ ।

हो, राजनीतिमा धर्म नीति हुनु पर्छ, धर्म हराउँदा सबैकाम अधुरो हुन्छ, मारकाट मात्र हुन्छ, एक अर्कामा विश्वास हुन्न, सदा देशमा संकट हुन्छ, जनता भोका हुन्छन्, परचक्रीले शिर उठाउँछ, तर राजनीतिकर्मीले जात जातिमा वा लिँग बा दलित भनी हेला गर्नु हुन्न । कोही संसारमा दलित हुँदैन, अपहेलित हुँदैन, त्यसको लागि राज्यले कानुन मात्रै बनाएर पुग्दैन, दैवी, वेद र ईश्वरीय राजमा कोही पृथक हुन्न ।

आज हामी समाजवाद, साम्यवाद भन्छौँ, समानताको कुरा गर्छौं, तर विभेद छ । कार्य क्षमता, कामको अबसर, सबैतिर न्याय, उच नीच रहित समाजको निर्माण र सभ्यता बनाइराख्नु देश नीतिको काम हो, भूठा आश्वासन, क्षणिक लाभको पोको देखाएर समाजलाई विखण्डन गर्नु हुन्न । इमान्दारिता, सहिष्णुता, नैतिक जिम्मेवारी, निष्ठाको राजनीति गर्नु पर्छ ।

यो सामाजिक सेवा हो, पैसा र पदको प्रलोभनले इमान्दारिता गुमायो भने अभिभावकत्व हुन्न, राजनीति वा नेताले अभिभावकत्व ग्रहण नगरे आम सर्वसाधारण सडेर जान्छन्, देश पनि बिग्रन्छ, विदेशीहरु हाँस्छन् । हाम्रो लोकतन्त्रका सामु हजारौँ विकृति देखिएका छन्, तपोभूमि नेपाललाई भाषण गर्दा सबैले यो क्षेत्रलाई धार्मिक पर्यटकीयक्षेत्र बनाउने भन्छन् । तर सत्य र निष्ठाका लागि विकसित देशका नेताहरु वाइबल छोएर शपथ लिन्छन्, यहाँ वेद, गीता, धर्मशास्त्र, लिएर शपथ खानु पर्नेमा त्यसो गर्दैनन् । अगुवाहरु नै हत्या, हिँसा, लूटपाटमा संलग्न भएपछि अरुलाई यसो नगर भन्न असहज हुन्छ, मुहान शुद्ध नभई खोला शुद्ध हुँदैन, आफू मोजमस्ती गर्ने अरुलाई नैतिकताको पाठ सिकाउने वा कानुनको कार्यान्वयन गर भन्न असहज हुन्छ । *(खबरहबबाट)*

## आजको भाग्यरेखा

| | |
|---|---|
| मेष | मित्र वा आफन्तबाट सहयोग मिल्नेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । |
| वृष | धर्मकर्म, परोपकार तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम वा रोजगारको अवसर पनि मिल्नेछ । |
| मिथुन | अनावश्यक र दैनिक व्यवहारमा खर्च बढ्न सक्छ, तर सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । |
| कर्कट | विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । |
| सिंह | धार्मिक महत्त्वको क्षेत्रमा भ्रमण हुनसक्छ । कुनै कुराले मनमा प्रसन्नता छाउनेछ । |
| कन्या | परदेशमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । आकस्मिक धनलाभ मिल्नेछ । |
| तुला | दौडधुप गर्नु गरेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| वृश्चिक | महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । व्यापारबाट सोचेजस्तै लाभ प्राप्ति हुने योग छ । |
| धनु | आँटेको काममा सफलता नमिल्न सक्छ । प्रेमी तथा प्रेमिकाको भाषा परिवर्तनले मनमा दुबिधा उत्पन्न हुन सक्छ, । |
| मकर | नयाँ अवसर आउनाले मन प्रसन्न रहनेछ । न्यायिक कार्यमा सफलता मिल्ने र बौद्धिकताको विकास हखुनेछ । |
| कुम्भ | आज कतै घुम्न जाने योजना बन्न सक्छ । एकपछि अर्को अवसर आउनाले काम सम्पन्न पनि हुनेछ । |
| मीन | आकस्मिक लाभ प्राप्त हुने सम्भावना छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| भेरी नगरपालिका | ०८९-४३०००२ ९८५८०७७४७७ |
| छेडागाड नगरपालिका | ९८६८०१९०७० |
| नलगाड नगरपालिका | ९७४८०१९७१८ |
| शिवालय गाउँपालिका | ९७५८००२३७८ |
| जुनिचाँदे गाउँपालिका | ९७४८०९५६०० |
| बारेकोट गाउँपालिका | ९७५८००३०७८ |
| कुशे गाउँपालिका | ९७५८००३२०० |
| जिल्ला प्रशासन कार्यालय जाजरकोट | ०८९-४३०३३४ |
| जिल्ला प्रहरी कार्यालय जाजरकोट | ०८९-४३०१०० |
| जिल्ला हुलाक कार्यालय | ०८९-४३००८३ |
| नेपाल विद्युत प्राधिकरण | ०८९-४३०३७४ |
| शिक्षा विकास तथा समन्वय इकाइ | ०८९-४३०११६ |
| भेरी ज्ञानोदय क्याम्पस जाजरकोट | ०८९-४३००३६ |
| जाजरकोट कुशे मालिका यातायात प्रा.लि | ९८४८१८८१८२ |
| भेरीगंगा यातायात प्रा.लि. | ९७४८०१४४९९ |

ताजा समाचार, निष्पक्ष विचारका लागि
नेपाली डिजिटल पत्रिका
नेपालपोष्ट खबर
www.nepalpostkhabar.com
भेरी न.पा.-३, जाजरकोट
सम्पर्क : ९८५८०५००२८

www.hamropailafm.org.np.np
radiopailafm@gmail.com
रेडियो हाम्रा पाइला
८७.९ मेगाहर्ज
मो.नं. : ९८५८०२७३१७

# कांग्रेसतिर ढल्किँदै माओवादी, महन्थ र अशोकलाइ फकाउँदै ओली

◣ भेरीमालिका संवाददाता

काठमाडौँ, ४ फागुन ।

राष्ट्रपति निर्वाचनमा सत्तासीन नेकपा माओवादी केन्द्रको झुकाव कांग्रेसप्रति देखिएपछि नेकपा एमालेले साना दलसँग संवाद बढाएको छ । माओवादीले पुस १० को सहमति कार्यान्वयनमा आनाकानी गरेपछि एमाले अध्यक्ष केपी ओलीले साना दल आन्तरिक छलफल थालेका हुन् ।

पुस १० मा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउने सहमति गर्दा सात दलीय गठबन्धनमा राष्ट्रपति एमालेको भागमा परेको थियो । कांग्रेस पुस २६ गते विश्वासको दिएपछि प्रधानमन्त्री प्रचण्डले राष्ट्रपतिमा राष्ट्रिय सहमतिका जोड दिएको अवस्था छ । कांग्रेस नेताहरुका अनुसार राष्ट्रपतिमा समर्थन गर्ने प्रधानमन्त्री प्रचण्डले बचन दिएका छन् । माओवादी केन्द्रले पार्टीको संस्थागत निर्णयबाट कांग्रेसको पक्षमा उभिने कांग्रेस नेताहरुको दाबी छ ।

प्रधानमन्त्री प्रचण्डले कांग्रेससँग समानान्तर वार्ता थालेपछि ओलीले पनि राष्ट्रपतिबारे छुट्टै छलफल अगाडि बढाएका छन् । सत्ता गठबन्धनमा राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी पुस १० को निर्णय कार्यान्वयन हुनुपर्ने अडानमा छन् । तर प्रधानमन्त्री प्रचण्डबाट पुस १० का सहमति कार्यान्वयन हुने संकेत नपाएपछि ओलीले एमाले बाहेकबाट राष्ट्रपतिमा उम्मेदवार पनि खडा गर्न खोजेको देखिन्छ ।

उनले जनता समाजवादीका संघीय परिषद् अध्यक्ष अशोक राई र लोकतान्त्रिक समाजवादी पार्टीका (लोसपा)का अध्यक्ष महन्थ ठाकुरलाई राष्ट्रपतिको प्रस्ताव गरेको स्रोतको दाबी छ ।

माघ २७ मा ओलीले गाडीमा लिफ्ट दिएर ठाकुरलाई आफ्नो निवास बोलकोट लिएका थिए । ओली र ठाकुरबीच राष्ट्रपतिका सन्दर्भमा एक घण्टा छलफल भएको थियो । लोसपाका एक नेताका अनुसार ओलीले राष्ट्रपतिका लागि ठाकुरलाई प्रस्ताव गरेका थिए ।

ओलीको भनाइ उद्धृत गर्दै लोसपाका एक नेताले भने, 'मेरो प्रयत्न पुस १० को सहमति कार्यान्वयन गराउने छ । त्यो परिस्थिति बन्छ जस्तो लागेको छैन । राष्ट्रपतिमा तपाई पनि उठ्नुपर्ने हुन सक्छ । के छ मनस्थिति ?'

प्रमुख दलहरुले राष्ट्रपतिमा आवश्यकता महसुस गरे आफू तयार रहेको ओलीलाई ठाकुरको जवाफ थियो । राष्ट्रपति निर्वाचनमा कांग्रेस उम्मेदवारको पक्षमा माओवादीलाई उभाएर चुनावअघिको पाँच दलीय गठबन्धन ब्युँताउने भारतको उद्देश्य राजनीतिक वृत्तमा चर्चा छ ।

भारतीय विदेश सचिव विनय मोहन क्वात्राको नेपाल भ्रमणलाई पनि एमालेले शंकाको दृष्टिले हेरेको देखिन्छ । भारतका विश्वासपात्र ठाकुरलाई राष्ट्रपतिमा प्रस्ताव गरेर ओलीले कांग्रेस–माओवादीलाई अप्ठ्यारो पार्ने नीति लिएको नेताहरू बताउँछन् ।

ओलीको प्रस्तावपछि ठाकुरले पनि राष्ट्रपतिका लागि आन्तरिक गृहकार्य बढाएको पाइएको छ । लोसपाका नेता डा. सुरेन्द्र झाका अनुसार केही दिनमा कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटवार्ता गर्ने तयारी छ ।

कांग्रेस र एमालेले एक अर्काको उम्मेदवार स्वीकार नगर्ने परिस्थिति बनेको भन्दै ठाकुरलाई राष्ट्रपतिको उम्मेदवार बनाउने तयारी भइरहेको लोसपा नेता झाले बताए । 'उहाँ माओवादी, कांग्रेस र एमालेका लागि स्वीकार्य व्यक्ति हो । गणतन्त्र र संघीयतामा प्रधानमन्त्रीजीसँग स्प्रीड मिल्छ भने कांग्रेसमा उहाँले लामो समय राजनीति गर्नु भएको छ,' नेता झा भन्छन्, 'ओलीजीलाई विगतमा गुन लगाउन भएको छ । उहाँको नाममा राष्ट्रिय सहमति भन्ने परिस्थिति बन्दै गएको छ ।'

तर कांग्रेस सभापति शेरबहादुर देउवाले ९ माघमा बसेको शीर्ष नेताको बैठकमा राष्ट्रपतिमा नेताद्वय रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाको नाम अगाडि सारेका थिए । कांग्रेसबाट राष्ट्रपतिमा गोपालमान श्रेष्ठ र मानबहादुर बिकले पनि आकांक्षा राखेको पाइन्छ । तर कांग्रेस वृत्तमा भइरहेको अनौपचारिक छलफलमा पौडेल र सिटौलाको नाममाथि ज्यादा चर्चा भइरहेको छ ।

कांग्रेस प्रवक्ता प्रकाश शरण महतले केही दिनमा केन्द्रीय कार्यसम्पादन समिति बैठक बसेर राष्ट्रपतिको उम्मेदवार तय गर्ने बताए । उनले भने, 'अरुले के गर्नछन् थाहा छैन । कांग्रेसले राष्ट्रपतिमा आफैं उम्मेदवार उठाउँछ ।' कांग्रेसले राष्ट्रपति पाउने र जित्ने पक्का भइसकेपछि पार्टीमा छलफल भएर एक जनालाई अगाडि बढाउने छ । राष्ट्रपतिमा माओवादी सकारात्मक रहेको पात्र अगाडि सार्ने कांग्रेस नेताहरू बताउँछन् ।

तर ओलीले भने ठाकुरका साथै अहिले एमालेसँग नजिक रहेका जसपाका अध्यक्ष राईलाई पनि राष्ट्रपतिको उम्मेदवार बन्न ग्रीनसिंनल दिएको स्रोतले रातोपाटीलाई बतायो ।

पूर्व एमाले पृष्ठभूमिका राई गत निर्वाचनमा एमालेको साथमा सुनसरी १ बाट सांसद निर्वाचित भएका थिए । यस्तै राष्ट्रपतिको उम्मेदवारबारे नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेबारे पनि राजनीतिक वृत्तमा चर्चा छ ।

माघ ७ मा राष्ट्रपति विद्यादेवी भण्डारीले बिजुक्छेसँग भेटवार्ता गरेकी थिइन् । चाँगुनारायण मन्दिर दर्शनपछि राष्ट्रपति भण्डारी भक्तपुरस्थित बिजुक्छेको निवासमै पुगेर भेट गरेकी थिइन् । त्यसपछि राष्ट्रपतिका रूपमा बिजुक्छेको नाम पनि चर्चामा छ । सत्ता दलीय गठबन्धनमा पुस १० मा भएको सहमति कार्यान्वयन गर्न जटिल भएपछि ओलीले एमाले बाहेकको खोजी थालेको कांग्रेस नेताहरू पनि बताउँछन् ।

कांग्रेस नेता एनपी साउदले सत्ता गठबन्धनबीच पुस १० मा भएको सहमति कार्यान्वयन गर्न सकिँदैन भनेर ओलीले बुझिसकेको दाबी गरे । उनले भने, 'ओलीजी सार्वजनिक रूपमा एमालेले राष्ट्रपति बनाउने सहमति भएको छ भनिराखुभएको छ । तर भित्री गृहकार्यमा थुप्रै राष्ट्रपतिका उम्मेदवार खोजी राखुभएको छ । साना दलका नेता पनि खोजिराखु भएको छ । नागरिक समाजबाट पनि खोजिराखु भएको छ ।'

प्रधानमन्त्री प्रचण्ड र ओलीका अभिव्यक्तिले पनि त्यसको संकेत गरेको उनको भनाइ छ । प्रचण्डले राष्ट्रिय सहमतिको अडान नछाडेपछि ओलीले गठबन्धन भत्किन सक्ने संकेत गरेका थिए । एमालेका सचिव लेखराज भट्टले भने सत्तारुढ गठबन्धनमा भएको सहमति अनुसार नै राष्ट्रपति चयन हुने बताए । सरकार गठनका बेला भएको सहमति अनुसार नै राष्ट्रपति चयन हुने भट्टको दाबी छ । 'राष्ट्रपतिका लागि गठबन्धनमा जे सहमति भएको छ त्यहीअनुसार अघि बढ्छ,' भट्टले भने, 'पार्टीले सबैलाई मान्य हुनेगरी उपयुक्त उम्मेदवार उठाउँछ । गठबन्धन कायम रहन्छ ।'

राष्ट्रपतिका सन्दर्भमा बिहीबार पनि प्रधानमन्त्री प्रचण्ड र ओलीबीच बालुवाटारमा दुई घण्टा छलफल भएको थियो । प्रधानमन्त्री प्रचण्डका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलका अनुसार राष्ट्रपति कसलाई बनाउने र कस्ता व्यक्ति अघि सार्ने विषयमै छलफल केन्द्रित थियो । उनले हरिबोले 'अब फेरि भोलि छलफल हुन्छ। उहाँहरु निरन्तर छलफलमा बस्नुहुन्छ । आज ठोस सहमति केही भएको छैन ।' *(रातोपाटीबाट)*

## स्ववियु निर्वाचनको कार्यतालिका सार्वजनिक

◣ भेरीमालिका संवाददाता

काठमाडौँ, ४ फागुन ।

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको कार्यतालिका सार्वजनिक गरेको छ ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा स्ववियु निर्वाचन कार्यतालिका सार्वजनिक गरे। कार्यतालिकाअनुसार समानुपातिक र प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता फागुन २७ गतेलाई तोकिएको छ।

विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन त्रिवि कार्यकारी परिषद्ले गत पुस २२ गते आगामी चैत ५ गते गर्ने निर्णय गरेको छ।

यस्तै कार्यतालिकाअनुसार मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको उनले बताए।

कार्यतालिकाअनुसार यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २५ गते मतदाता सूचीमा दाबी–विरोध तोकिएको छ। यस्तै फागुन २६ गते उम्मेदवारको मनोनयनपत्र वितरण, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ।

यस्तै कार्यतालिकाअनुसार फागुन २८ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारको नामावलीमाथि दाबी–विरोध र फागुन २८ गते साँझ ५ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशनको समय तोकिएको छ। स्ववियु निर्वाचनको कार्यतालिका प्रकाशनपछि क्याम्पसको वार्षिक प्रणालीअन्तर्गतका स्नातक प्रथम वर्षको विद्यार्थी भर्ना बन्द गरिएको छ।

निर्देशनालयका निर्देशक अधिकारीले स्ववियु निर्वाचनको प्रचार–प्रसार फागुन २९ गतेदेखि चैत २ गते राति १२ बजेसम्म समय तोकिएको छ। त्रिविमा २८ वर्ष उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा निर्वाचन गर्न लागिएको हो। निर्वाचनमा वि.सं. २०५१ चैत १८ गते जन्ममिति र सोभन्दा पछि जन्मेका विद्यार्थी उम्मेदवार हुन पाउनेछन्।

निर्वाचनका लागि त्रिविले माघ २२ गते नै स्ववियु निर्वाचनसम्बन्धी निर्देशिका पारित गरेको छ। स्ववियुको अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष र सहायक सचिव तथा ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट चयन हुनेछन्।

स्ववियु कार्यसमिति दुई सय विद्यार्थी बराबर ११ सदस्यीय कार्यसमिति, दुई सय एकदेखि एक हजारसम्म विद्यार्थी भए १३ जनाको कार्यसमिति, एक हजार एकदेखि तीन हजारसम्म भए १९ जनाको र तीन हजार एकदेखि पाँच हजारसम्म २१ सदस्यीय कार्यसमिति हुने उल्लेख गरिएको छ।

## ७ महिनामै...

'गाडीभित्रका सिटमा मात्रै यात्रु राखेर हिँड्दा चासो पनि गर्दैनौं, तर सामान राख्ने स्थान र छतमा समेत यात्री राख्दा कारबाही गरेका छौं,' उनले भने, 'नियम पालना गर्दा कतिपय यात्रीले दुःख पाएका छन् ।'

ग्रामीण बस्तीमा रातो प्लेटका जिपले यात्री ओसार्ने गरेका छन् । यहाँ कालो प्लेटका जिप चल्दैनन् । चाडपर्वमा यो क्रम बढी छ । 'ग्रामीण सडकहरू मर्मत नभएर जोखिमका छन्, त्यसमा कोचाकोच यात्री राख्दा दुर्घटनाको खतरा छ' उनले भने, 'सबैले यो समस्या व्यवस्थापनमा साथ दिनुपर्छ ।' जिल्लामा पछिल्लो समय स्थानीय तहको सहयोगमा ट्राफिक व्यवस्थापनका लागि जनचेतना अभियान पनि सञ्चालन भएको छ । अघिल्ला वर्षको तुलनामा पछिल्ला वर्ष सामुदायिक प्रहरी, जनप्रतिनिधिसमेतको सहभागितामा यो क्रम बढाइएको छ ।


### कुशे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

### करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना !

*(प्रथम पटक सूचना प्रकाशित मितिः२०७९।११।०५)*

यस कुशे गाउँपालिकामा तपशिलको १ (एक) पद संख्यामा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित आफु यस पालिकामा दरखास्तको लागि निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | १।०७९।८० | सूचना प्रविधि अधिकृत (IT Officer) | १ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
लोकसेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc. IT, Bsc. CSIT, BE, Electronics and Communications Engineering/BTech, Electronics and Communication Engineering उतीर्ण गरेको हुनुपर्ने।

२) **दरखास्त दिने स्थान** : कुशे गाउँपालिकाको कार्यालय।
३) **दरखास्त दिने अन्तिम मिति** : २०७९/११/१९
४) **उम्मेद्वारको उमेर हद** : २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने)
५) **आवेदनको दस्तुर** : रु १,०००/- (एक हजार मात्र)
६) **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा मौखिक र प्रयोगात्मक परीक्षा
७) **आवेदनका साथ संलग्न कागजातहरु** : आवेदक स्वयमूले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
क) नागरिकता
घ) अनुभव भए सोको कागजात
ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ङ) २ प्रति पासपोर्ट फोटो
ग) चारित्रिक प्रमाण पत्र
च) २ प्रति पासपोर्ट फोटोग) चारित्रिक प्रमाण पत्र
८) **सेवा सुविधा तथा अन्य** : नियममा तोकिए बमोजिम हुनेछ।
९) दरखास्त फाराम गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ।
*थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला।*

**खेम राज थापा**
निमित्त प्रमुख प्रशासकिय अधिकृत



### कुशे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

### जग्गा खरिद सम्वन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति : २०७९।११।०५)*

कुशे गाउँपालिका,जाजरकोटको भवन लगायतका संरचना निर्माणका लागि जग्गा खरिद गर्न गाउँसभाको मिति २०७८।०३।२२ गतेको निर्णयानुसार कुशे गाउँपालिका वडा नं ६ भार्मामा देहायको चार किल्लाभित्र पर्ने १२ रोपनी जग्गा गाउँपालिकाले खरिद गर्न लागेकोले उक्त क्षेत्रभित्र सो क्षेत्रफलको जग्गा विक्रि गर्न चाहने जग्गाधनीले प्रति रोपनी दररेट उल्लेख गरी (अंक र अक्षरमा स्पष्ट खुल्ने गरी) यो सूचना प्रकाशित भएको ३० दिन भित्र तपसिलको कागजात संलग्न राखी कार्यालय समय भित्रमा खामवन्दी प्रस्ताव पेश गर्न हुन सम्वन्धित सवैको लागी यो सूचना प्रकाशित गरिएको छ। दर्ता भएको प्रस्ताव अन्तिम दिन कार्यालय समय सकिएको लगतै प्रस्ताव दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ। प्रस्ताव दाता वा प्रतिनिधी उपस्थित नभएकै कारणले प्रस्ताव खोल्न वाधा पर्ने छैन, साथै पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछी कार्यालय खोलेको पहिलो दिन नै प्रस्ताव दर्ता र खोलिने कार्य सम्पन्न गरिने छ। प्राप्त प्रस्तावको आधारमा जग्गा खरिद गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ।

**जग्गाको चार किल्ला**
नदाइडाव जाने वाटो देखि पुर्व
तल्लो भार्मा देखि पश्चिम
टिने खोला देखि दक्षिण
खानीखोला देखि उत्तर

**संलग्न गर्नुपर्ने कागजात**
१. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी थान ................................१
२. आ.व.०७९।०८०को मालपोत वा भूमिकर तिरेको रसिदको प्रतिलिपी थान ....१
३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी थान ............................१
४. जग्गाको सर्वे नक्साको प्रतिलिपी थान ....................................१
५. चार किल्ला खुल्ने गरी दररेट खुलेको स्व लिखित निवेदनपत्र सक्कल थान ....१

**खेम राज थापा**
निमित्त प्रमुख प्रशासकिय अधिकृत



### स्वास्थ्य सेवा कार्यालय जाजरकोटद्वारा जनहितमा जारी स्वास्थ्य सन्देश !

**दीर्घ जीवनको आधार, नियमित रक्तचाप परीक्षण, नियन्त्रण र उपचार रक्तचापको एउटा निर्धारित चाप छ, जुन बढी वा कम हुनु दुवै हानिकारक हुन्छ त्यसैले आफ्नो शरीरको रक्तचापको नियमित जाँच गराउने र स्वस्थ जीवनशैली अपनाएर रक्तचाप नियन्त्रणमा राखे प्रण गरौँ ।**

**जानिराखौं उच्च रक्तचापका जोखिम तत्वहरू**

**धुम्रपान तथा सुर्तीजन्य पदार्थ र मदिरा सेवन अस्वस्थकर खानेकुरा**

- मोटोपना
- तनाव
- शारीरिक निष्क्रियता
- उच्च रक्तचापका यी जोखिम तत्वहरुबाट टाढा रहने प्रण गरौं
- सम्भावित स्वास्थ्य जटिलताबाट बचौं ।
- उच्च रक्तचापका लक्षणहरु
- टाउको दुख्ने, रिंगटा लाग्ने
- थकान महसुस हुने
- एक्कासी नाकबाट रगत बग्ने
- वाकवाकी लाग्ने
- मुटुको धडकन बढ्ने वा रोकिए जस्तो हुने
- उच्च रक्तचापबाट बच्ने उपायहरु
- धुम्रपान र मदिरा सेवन नगर्ने
- हरिया सागसब्जी र फलफूल धेरै खाने
- खानामा नुनको प्रयोग कम गर्ने
- रातो र धेरै बोसोयुक्त मासु कम खाने
- नियमित व्यायाम तथा योग गर्ने
- रक्तचाप नियन्त्रणका लागि औषधि सेवन गर्ने बिरामीहरुले चिकित्सकद्वारा सिफारिस रुपमा औषधि सेवन गर्ने ।

**स्वास्थ्य सेवा कार्यालय**
जाजरकोट

# मुम्बईमा चन्द्र भण्डारीको उपचार

◣भेरीमालिका संवाददाता
काठमाडौँ, ४ फागुन ।

कांग्रेस सांसद चन्द्र भण्डारीको मुम्बईमा उपचार सुरु भएको छ । कांग्रेस केन्द्रीय सदस्य अजयराज शिवाकोटीले भण्डारीको मुम्बईस्थित नेसनल बर्न्स सेन्टरमा उपचार सुरु भएको जानकारी दिए । उनका अनुसार शुक्रबार बिहान १० बजे र दिउँसो २ बजे शल्यक्रिया हुने तय भएको छ । आफूलाई भण्डारीको साथमा रहेका कांग्रेस नेताद्वय योगराज कँडेल र माधव न्यौपानले अहिले अवस्था स्थिर रहेको बताएको शिवाकोटीको भनाइ छ ।

"अहिले अवस्था स्थिर रहेको जानकारी पाएको छु । बिहिबार नेपालबाट गएको चिकित्सकको टोली र उता भारतको टोलीबीच कसरी अगाडि बढ्ने भन्ने संवाद भयो । भोलि शल्यक्रिया हुने तय भएको जानकारी पाएको छु," शिवाकोटीले बाह्रखरीसँगको फोन संवादमा भने । भण्डारीको साथमा नेपालबाट गएका सातजना चिकित्सकको टोलीसहित ११ जना छन् । उनलाई बिहीबार दिउँसो मुम्बई लगिएको थियो । बुधबार राति घरमा ग्यास सिलिन्डर विस्फोट हुँदा भण्डारी घाइते भएका थिए । जलेर घाइते भएकी उनकी आमाको भने बिहीबार बिहान उपचारकै क्रममा निधन भएको थियो ।


## चाडपर्वको बेलामा खानपान सम्बन्धी ध्यान दिनुपर्ने कुराहरू

- बासी, सडेगलेका र झिँगा भन्केका खानेकुरा नखाऔँ
- खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौँ र पकाएका खानेकुरालाई छोपेर राख्ने गरौँ
- चिल्लो एवम् बोसोयुक्त खानेकुरा कम खाऔँ
- गुलियो खानेकुरा, चिसो पेयपदार्थ तथा नुन कम मात्रामा खाऔँ
- पोसिलो, ताजा तथा स्वस्थ खानेकुरा जस्तै हरिया सागपात, फलफुल, अन्न, दाल तथा गेडागुडी, पशुपंक्षीजन्य तथा दुधजन्य खानेकुरा खाने गरौँ
- मदिरा सेवन नगरौँ
- पाकेको र काँचो खानेकुरालाई छुट्टाछुट्टै भण्डार गरौँ
- खाना पकाउन, खुवाउन र खान अधि साबुनपानीले मिचीमिची हात धोऔँ

चाडपर्व मनाउँदै गर्दा कोभिड-१९ विरुद्धका जनस्वास्थ्यका सबै मापदण्ड पूर्ण पालना गरौँ। साथै, डेंगी रोगबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट बच्ने उपायहरू अपनाऔँ र स्वस्थ, सुखी, शान्त र समृद्ध जीवनका लागि प्रण गरौँ ।

**छेडागाड नगरपालिका**
कार्कीगाउँ, जाजरकोट



## झाडापखाला, हैजा र डेँगीबाट बचौं

**अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सढेगलेका खानेकुरा नखाऔं,
- खानालाई छोपेर राखौं,
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं

**साथै खुल्ला रूपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।**

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:**

- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।

साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।

**जुनीचाँदे गाउँपालिका**
मजकोट, जाजरकोट



## डेंगी रोग लागेमा निम्न लक्षणहरु देखिन सक्छन् :

- एक्कासि ज्वरो आउने
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
- थकान महसुस हुने
- वाकवाकी लाग्ने वा बान्ता हुने
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रुचि नलाग्ने

**यी लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस् ।**

**भेरी नगरपालिका**
**नगर स्वास्थ्य शाखा**
खलंगा, जाजरकोट



## घरैमा उपचार गर्ने ५ नियम

झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राम्री राम्ररी घोल्ने र पटक पटक खुवाउने

प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने

नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने

स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नबिराइकन खुवाउने

व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने

**शिवालय गाउँपालिका**
सिमा, जाजरकोट



## पखाला लाग्नबाट बच्ने उपाय

- चर्पीमा मात्र दिसा पिसाव गर्ने
- दिसा पिसाव गरिसकेपछि साबुनपानीले मिचिमिची हात धुने
- खाना बनाउनु, खुवाउनु र खानु अधि साबुनपानीले मिचिमिची हात धुने
- पानी उमालेर, फिल्टर गरेर वा एक लिटर पानीमा ३ थोपा क्लोरिन झोल मिलाएर मात्रै पिउने
- बासी, सडेगलेको, झिँगा भन्केको खानेकुरा नखाने
- खानेपानीको मुहान सफा र सुरक्षित राख्ने

**कुशे गाउँपालिका**
भार्मा, जाजरकोट



## हाम्रो अनुरोध !

**१) कोरोना भाइरसबाट बचौं र बचाऔं :**

- मानिस-मानिसबीच दुई मिटरको दुरी कायम गरौं ।
- पटक-पटक साबुन पानीले हात धोऔं ।
- गुणस्तरीय मास्क प्रयोग गरौं ।
- हात तथा आवश्यक वस्तुमा स्यानिटाइज गरौं ।
- अति आवश्यक काममा मात्र घर बाहिर जाने गरौं ।

**२) साबुन पानीले हात धुने बानी बसालौं :**

- चर्पीको प्रयोगपछि
- खाना बनाउनु, खानु र खुवाउनु अघि
- कुनै फोहर कुरा/विषादी छोएपछि
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि

**३) स्वच्छ, सफा वातावरण बनाऔं :**

- खानेपानीको मुहान, धारा सफा राखौं ।
- बोट बिरुवा लगाई हरियाली बनाऔं ।
- खुल्ला दिशा-पिसाब नगरौं ।
- फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- घर, आँगन, पार्क, बाटो लगायत सार्वजनिक स्थान सफा राखौं ।

**४) स्वच्छ, सफा पिउने पानी प्रयोग गरौं :**

- शुद्धिकरण गरेको पानी मात्र पिउने गरौं ।
- शुद्धिकरण गर्ने चार घरेलु उपायहरू :
  -उमालेर, फिल्टर गरेर, क्लोरिन झोल प्रयोग गरेर, सोडिस विधि प्रयोग गरेर
- शुद्ध पिउने पानी प्रयोग गरौं ।
- झाडापखाला, आउँ, रगतमासी, हैजा, जुका जस्ता रोगबाट बचौं ।

**खानेपानी सिंचाई तथा उर्जा विकास कार्यालय**
जाजरकोट



## व्यक्तिगत स्वच्छताले नै परिवारलाई सुरक्षित राख्न सक्छ ।

दुरी कायम गर्दैमा **आत्मियता घट्दैन ।**

मास्क लगाउँदैमा **परिचय बदलिँदैन ।**

किटाणु हुन सक्ने स्थान वा वस्तुहरू समय-समयमा सफा गरिरहेमा **रोग लाग्दैन ।**

२० सेकेण्ड सम्म मिचि मिचि हात धुनु नै कोभिड-१९ बाट बच्ने **पहिलो उपाय हो ।**

**भेरी नगरपालिका**
खलंगा, जाजरकोट



## खोप लगाउन जाँदा कोरोना आउला है साथमा !

खोप केन्द्रमा जाँदा स्वास्थ्य मापदण्ड पालना गरौं

लाइन बस्दा २ मिटर दुरी कायम गर्ने, मास्क लगाउने र केन्द्रमा रहेका कुनै पनि चिजहरु नछोईकन खोप लगाएर घर आउने

आफ्नो पालो आएसँगै सबै नेपालीले खोप पाउने छन्

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

मास्क लगाऔं | भौतिक दूरी कायम गरौं | बेलाबेलामा साबुनपानीले हात धोऔं

**नलगाड नगरपालिका**
दल्ली, जाजरकोट


भेरीमालिका दैनिकका लागि प्रकाशक/सम्पादक : मान बहादुर खड्का, कार्यकारी सम्पादक : रेशम बहादुर खड्का, व्यवस्थापक : जय बहादुर बस्नेत, कार्यालय : भेरी न.पा.-४, जाजरकोट, फोन : ०८९-४३०३८३, ९८६४८१०७५९, Mail: bherimalikadaily@gmail .com, मुद्रण : भेरीमालिका अफसेट प्रेस, जाजरकोट